बैठक संख्या: ५७ मिति: २०८२।०९।२५ समय: बिहान ११:०० बजे

आज मिति २०८२।०९।२५ गते गुराँस गाउँपालिका दैलेखको ५७ औं कार्यपालिका बैठक गाउँपालिकाका अध्यक्ष श्री टोप बहादुर वि.सी. ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी देहायका प्रस्तावहरु माथि निर्णय गरियो।

तपसिल:

| | |
|---|---|
| श्री टोप बहादुर वि.सी. | – गाउँपालिपालिका अध्यक्ष |
| श्री शिवा कुमारी खड्का | – गाउँपालिपालिका उपाध्यक्ष |
| श्री धर्म बहादुर रावल | – वडा अध्यक्ष वडा नं. १ |
| श्री शेर बहादुर रावल | – वडा अध्यक्ष वडा नं. २ |
| श्री काँशीराम शर्मा | – वडा अध्यक्ष वडा नं. ३ |
| श्री खड्क बहादुर शाही | – वडा अध्यक्ष वडा नं. ४ |
| श्री भुपेन्द्र बहादुर चन्द | – वडा अध्यक्ष वडा नं. ५ |
| श्री चन्द्र बहादुर राना | – वडा अध्यक्ष वडा नं. ६ |
| श्री नन्द बहादुर वि.सी. | – वडा अध्यक्ष वडा नं. ७ |
| श्री दिपेन्द्र वली | – वडा अध्यक्ष वडा नं. ८ |
| श्री अमृता कुमारी वि.सी. | – कार्यपालिका सदस्य |
| श्री विर्मा वि.क. | – कार्यपालिका सदस्य |
| श्री पम्फि वि.क. | – कार्यपालिका सदस्य |
| श्री भुमीसरा वली | – कार्यपालिका सदस्य |
| श्री कुलविर वि.क. | – कार्यपालिका सदस्य |
| श्री सम्झना कुमारी वुढा | – कार्यपालिका सदस्य |
| श्री डिनायट घर्ती | – प्रमुख प्रशासकीय अधिकृत |

आमन्त्रित कर्मचारी

| | |
|---|---|
| १. दिपक केसी | बरिष्ठ लेखा अधिकृत |
| २. खेमराज उपाध्याय | वरिष्ठ प्रशासन सहायक |
| ३. पुर्ण बहादुर वली | सचिवालय सहयोगी |
| ४. बाल कुमारी बि.सी. | कार्यालय सहयोगी |

## प्रस्तावहरु:

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा।

२. चालु आ.व. को हिउदे अधिवेशनको तयारी सम्बन्धमा।

३. संघीय समपुरक तथा विशेष अनुदानको लागि योजना छनौट गरी पठाउने सम्बन्धमा।

४. गुरौंस खेलकुद विकास समिति गठन सम्बन्धमा।

५. पेश भएका ऐन नियम र कार्यविधिहरु स्वीकृत तथा गाउँसभामा पेश गर्ने सम्बन्धमा।

६. सेवा करारका कर्मचारीहरुको करार नविकरण सम्बन्धमा।

७. पुराना अधुरा योजना कार्यान्वयन सम्बन्धमा।

८. टोल विकास संस्थाका सामुदायिक प्रशिक्षकको रकम भुक्तानी सम्बन्धमा।

९. जनता आवास र विपन्न नागरिक आवास कार्यक्रम सम्बन्धमा।

१०. योजनको शिर्षक संशोधन सम्बन्धमा।

११. **Black Mamba Construction** सँगको ठेक्का सम्झौता अन्त्य गरी बैंक जमानत जफत गर्ने सम्बन्धमा।

१२. घाँस टुक्राउने मेसिन वितरण साझेदारी सम्बन्धमा।

१३. आर्थिक सहायता सम्बन्धमा।

१४. नागरिक आरोग्य सेवा केन्द्रको बजेट तथा कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा।

१५. **OSSD** स्थापनाका लागि कार्यविधि निर्माण तथा लागत सहभागिता प्रतिवद्धता सम्बन्धमा।

१६. विविध।

क) शिक्षकहरुको सरुवा तथा काज सरुवा सम्बन्धमा।

ख) म्याद थप सम्बन्धमा।

ग) पेश्की तथा रकम भुक्तानी सम्बन्धमा।

घ) क्याम्पेन फर चेन्जलाई परियोजना कार्यान्वयनको लागि स्वीकृति प्रदान गर्ने सम्बन्धमा।

ङ) उपभोक्ता समितिबाट कार्य गराउने सम्बन्धमा।

## निर्णयहरु:

**निर्णय नं. १**

अघिल्लो बैठकका निर्णयहरु मध्ये अधिकांश निर्णयहरु कार्यान्वयन भएको र कार्यान्वयन हुन बाँकी निर्णयहरु आवश्यक समन्वय गरी यथाशिघ्र कार्यान्वयने गर्ने।

**निर्णय नं. २**

चालु आ.व. २०८२।८३ को हिउँदे अधिवेशन मिति २०८२ पौष २९ गते मंगलबार आव्हान गरे अनुसार सो को तयारीका लागि कार्य वाडफाँड गरिएकाले सोही बमोजिम तोकिएको समयमै सभा संचालन गर्ने।

निर्णय नं. ३

संघीय समपूरक अनुदान र विशेष अनुदान अन्तर्गत प्रदेश र स्थानीय तहबाट आर्थिक वर्ष २०८३।०८४ मा सञ्चालन गरिने आयोजना वा कार्यक्रमका लागि प्रस्ताव आव्हान सम्वन्धी मिति २०८२।०८।२६ गतेको प्रकाशित सूचना बमोजिम संघीय समपुरक तथा विशेष अनुदानको लागि देहाय बमोजिमको योजना छनौट गरी प्रस्ताव पेश गर्ने।

देहाय

| क्र.सं. | योजना/कार्यक्रमको नाम | अनुदानको प्रकार | माग रकम | कैफियत |
|---|---|---|---|---|
| १. | गुराँस गौरव मार्ग | संघीय समपुरक क्रमागत | ९१ लाख | |
| २. | सियाकोट देखि पन्ध्र शैया अस्पताल हुँदै गुराँसे जोड्ने सडक निर्माण तथा स्तरोन्नत्ती | संघीय समपुरक | १ करोड | |
| ३. | बगौरा-रेग-निगलपानी जोड्ने सडक निर्माण तथा स्तरोन्नत्ती | संघीय समपुरक | १ करोड | |
| ४. | दोबाटो-बेडुगाउँ सडक स्तरोन्नती | संघीय समपुरक | १ करोड | |
| ५. | गुराँस आलु मुल बिउ उत्पादन, सुपरजोन पकेट क्षेत्र विस्तार तथा बजारिकरण कार्यक्रम | संघीय विशेष | २ करोड | |
| ६. | लोपोन्मुख राउटे समुदायको लागि घुम्ती आवास, खानेपानी तथा सरसफाईसँग सम्वन्धित कार्यक्रम | संघीय विशेष | ५० लाख | |
| ७. | विभेदमा परेको वर्ग समुदायको लागि आयआर्जन तथा जीविको पार्जन कार्यक्रम | संघीय विशेष | ५० लाख | |

निर्णय नं. ४ गाउँपालिकाको समग्र खेलकुद क्षेत्रको विकास गरी खेलकुदको माध्यमबाट समाज र शिक्षा क्षेत्रलाई अनुशासित तथा समाजिक सद्भाव कायम राख्न गुराँस गाउँपालिकाको खेलकुद विकास समिति सञ्चालन, व्यवस्थापन कार्यविधि, २०८१ को दफा ३ बमोजिम तपसिल अनुसार खेलकुद विकास समिति गठन गर्ने।

तपसिल:

| क्र.सं. | सदस्यको नाम थर | ठेगाना | क्षेत्र | कैफियत |
|---|---|---|---|---|
| १ | काँशिराम खड्का | वडा नं. १ | कार्यपालिकाबाट मनोनित | |
| २ | नविन शाही | वडा नं. २ | कार्यपालिकाबाट मनोनित | |
| ३ | प्रकाश बहादुर शाह | वडा नं. ३ | कार्यपालिकाबाट मनोनित | |

टोप बहादुर बि.सी.
अध्यक्ष

डिल्लारहट घर्ती
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ४ | बम बहादुर शाही | वडा नं. ४ | कार्यपालिकाबाट मनोनित | |
| ५ | कपेन्द्र मल्ल | वडा नं. ५ | कार्यपालिकाबाट मनोनित | |
| ६ | कर्ण बहादुर वली | वडा नं. ६ | खेलकुद विज्ञ | |
| ७ | शेर राज वि.सी. | वडा नं. ७ | खेलकुद विज्ञ | |
| ८ | दिवस खत्री | वडा नं. ८ | पूर्व खेलाडी | |

र थप ७ जना खेलकुद विकास समितिको मनोनयन मापदण्डअनुसार गर्ने।

**निर्णय नं. ५**

गाउँपालिकाको स्वीकृत कार्यक्रम कार्यान्वयनका लागि आवश्यक तपसिलका ऐन, कानुन र कार्यविधिहरु स्वीकृतिका लागि विषयगत सिमित र शाखा वाट पेश भएका तपसिलका ऐन, कानुन र कार्यविधिहरु स्वीकृतिका लागि गाउँसभामा पेश गर्ने।

- गुराँस गाँउपालिकाको सहकारी ऐन, २०७४ (पहिले संशोधन) विधेयक २०८२,
- गुराँस गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधयेक, २०८२
- गुराँस गाउँपालिकाको बेरुजु फछ्यौंट कार्यविधि, २०८२
- लेखा समिति गठन तथा संञ्चालन कार्यविधि विधयेक, २०८२
- सामुदायिक सिकाई केन्द्रमा परिचालिका व्यवस्था गर्ने सम्बन्धी कार्यविधि, विधयेक २०८२

**निर्णय नं. ६**

गाउँपालिकाको विभिन्न सेवाका लागि सेवा करारमा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकनका आधारमा कार्यसम्पादन मूल्यांकनमा उत्तिर्ण भएका कर्मचारीहरुको मात्र सेवा करार नविकरण गरी अनुमोदनका लागि गाउँसभामा पेश गर्ने।

**निर्णय नं. ७**

गुराँस गाउँपालिकामा विगत आर्थिक वर्षमा संचालनमा आई विभिन्न कारणले अधुरा रहेका योजनाहरुको कार्यान्वयनका सम्बन्धमा गठित कार्यदलको सुझावका आधारमा सम्पन्न गर्नु पर्ने अधुरा योजनाहरुको हकमा समिति/वडाको सिफारिसका आधारमा आवश्यक बजेट व्यवस्थापन गर्न आवश्यक स्वीकृतिका लागि गाउँसभामा पेश गर्ने।

टोप बहादुर वि.सी.
अध्यक्ष

निर्णय नं. ८

गुराँस गाउँपालिका दैलेख र सहकर्मी समाज नेपाल, बिच मिति २०८२।०२।०५ गते गुराँस गाउँपालिकाका आठ वटा वडामा स्थानीय सुशासन सुधारका लागि टोल विकास संस्था सशक्तिकरण कार्यक्रम सञ्चालन गर्नका लागि भएको सम्झौता बमोजिम ८ जना सामुदायिक प्रशिक्षकहरुका लागि मिति २०८२ माघ मसान्त सम्मको सहकर्मी समाजले दिएको नियुक्ति तथा उनिहरुको कार्यसम्पादनका समेतका आधारमा हुने आर्थिक सेवा सुविधा सम्बन्धित सामुदायिक प्रशिक्षकहरुलाई वजेट शिर्षक ***विकास साझेदार संस्था सँग साझेदारी*** अन्तर्गतको शिर्षकबाट भुक्तानी दिई फाल्गुन महिना देखि सामुदायिक प्रशिक्षकहरुले गर्ने कार्य गाउँपालिकाका कर्मचारीहरुलाई थप जिम्मेवारी दिई कार्य गर्ने/गराउने।

निर्णय नं. ९

जनता आवास कार्यक्रम तथा विपन्न नागरिक आवास कार्यक्रम कार्यान्वयन सम्बन्धमा तपसिल बमोजिमको वडाहरुमा देहाय बमोजिमको कार्यक्रम सञ्चालन गर्न नागरिक तथा वडा छनौट गरी पूर्वाधार विकास कार्यालय दैलेखमा सिफारिस गरी पठाउने।

<u>देहाय</u>

| क.सं. | व्यक्ति तथा नागरिकको नाम थर | वडा नं. | कार्यक्रम |
|---|---|---|---|
| १ | मिन बहादुर दर्लामी मगर | १ | विपन्न नागरिक आवास कार्यक्रम |
| २ | कर्ण दमाई | २ | जनता आवास कार्यक्रम |
| ३ | आइत बहादुर कामी | ३ | जनता आवास कार्यक्रम |
| ४ | बिमला दमाई | ४ | जनता आवास कार्यक्रम |
| ५ | लक्ष्मण चन्द | ५ | विपन्न नागरिक आवास कार्यक्रम |
| ६ | तिलक वि.क. | ६ | विपन्न नागरिक आवास कार्यक्रम |
| ७ | लोक बहादुर दमाई | ७ | जनता आवास कार्यक्रम |
| ८ | पहल बहादुर वली | ८ | विपन्न नागरिक आवास कार्यक्रम |

प्रमुख प्रशासकीय अधिकृत

टोप बहादुर बि.सी.
अध्यक्ष

निर्णय नं. १०

भगवति मा.वि. सेपटीको भवनमा शौचालय घेराबार लगायत व्यवस्थापकीय कार्य शिर्षकमा विनियोजन भएको रकम देहाय बमोजिम शिर्षकमा संशोधन गर्ने तथा प्रदेश सशर्त तर्फको महादेवको मन्निर मर्मत सम्भार गुराँस ६ लाई देहाय बमोजिमको शिर्षक संशोधन गर्न कर्णाली प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयमा सिफारिस गर्ने।

देहाय

| क्र.सं. | बजेट शिर्षक | संशोधित बजेट शिर्षक | बजेट रकम | कैफियत |
|---|---|---|---|---|
| १. | भगवति मा.वि. सेप्टीको भवनमा शौचालय घेराबार लगायत व्यवस्थापकीय कार्य | भगवती मा वि सेप्टी शौचालय निर्माण वडा नं. १ | रु ५ लाख | |
| २. | महादेवको मन्निर मर्मत सम्भार गुराँस ६ | महादेव मन्दिर निर्माण गुराँस ६, दैलेख | रु १५ लाख | सिफारिस |

निर्णय नं. ११

Black Mamba Construction Pvt. Ltd निर्माण कम्पनी रहेको ठेक्का नं. GRM/Works/NCB/03/081/082 गुराँस बहुमुखी क्याम्पसको निर्माण कार्य निर्धारित समयमा सम्झौता वमोजिमको समयमा सम्पन्न नगरेको हुँदा गाउँ कार्यपालिकाको मिति २०८२।०३।२६ गतेको निर्णयअनुसार कारवाही गर्ने निर्णय भएअनुसार उक्त निर्माण कम्पनीसँगको ठेक्का सम्झौता अन्त्य गरी बैंक जमानत जफत गरी तथा कालो सूचिमा राख्रको लागि सिफारिस गर्ने।

निर्णय नं. १२

आर्थिक वर्ष २०८२।०८३ को वडा नं. ८ अन्तर्गतको स्वीकृत योजना तथा कार्यक्रम अन्तर्गत ***घाँस टुक्र्याउने मेसिन वितरण साझेदारी*** को रुपमा रु २ लाख विनियोजन भएकोमा उक्त कार्यक्रमको साझेदारी कृषि फर्म छनौट तथा लाभग्राही छनौटको जिम्मेवारी वडा नं. ८ कार्यालयलाई दिई कार्यान्वयन गर्ने।

टोप बहादुर बि.सी.
अध्यक्ष

निर्णय नं. १३

यस कार्यालयमा विभिन्न मितिमा आर्थिक सहायता पाउँ भनी पेश गरेका निवेदनका सम्बन्धमा आर्थिक सहायता कार्यविधि, २०७४ बमोजिम तपसिलका व्यक्तिहरुलाई निजहरुको गम्भिर समस्या तथा अवस्थालाई ध्यान दिई देहाय बमोजिमको आर्थिक सहायता उपलब्ध गराउने।

तपसिल

| क्र.सं. | व्यक्तिको नाम थर | ठेगाना- गुराँस गापा | समस्या | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | गौरी कुमारी विश्वकर्मा | ४ | मानसिक समस्या | १० हजार | |
| २ | मान बहादुर खड्का | १ | सब बहान खर्च | १० हजार | |
| ३. | बिनोद कुमार वादी | १ | निर्वाह खर्च | १० हजार | |
| ४. | अमृता सुनार | १ | छोराको हातको उपचार | १० हजार | |
| ५. | टिका खड्का | ६ | शारीरिक अशक्तता | १० हजार | |
| ६. | थिर बहादुर खत्री | ३ | पोलिएको | १५ हजार | |
| ७. | कर्ण बहादुर मिजार | १ | खुट्टा भाचिएको | १० हजार | |
| ८. | गणेश खड्का | ८ | पेटको अप्रेसन | १० हजार | |
| ९. | मिना वि.क. | ३ | पक्षघात औषधि उपचार | १०. हजार | |
| १०. | बखत बहादुर खत्री | ३ | छोराको उपचार | १० हजार | |

टोप बहादुर बि.सी.
अध्यक्ष

निर्णय नं. १४

आर्थिक वर्ष २०८२।०८३ को योजना तथा कार्यक्रम अन्तर्गत *नागरिक आरोग्य सेवा केन्द्र सञ्चालन तथा अभियान* शिर्षकमा रु १० लाख विनियोजन भएकोमा नागरिक आरोग्य सेवा केन्द्रबाट कार्यान्वयन हुने गरी देहाय बमोजिम कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्ने।

देहाय

| क्र.स. | कार्यक्रमको नाम | बजेट | कैफियत |
|---|---|---|---|
| १ | आयूर्वेद औषधी खरिद | २,८०,००० | |
| २ | पंचकर्म (पूर्वकर्म)<br>❖ स्टिम वात बक्स<br>❖ शिरोधार बक्स कुकर, टेवल सहित को सेवा सचालन र व्यवस्थापन। | ८०,००० | |
| ३ | "मेरो स्वास्थ्य, मेरो जिम्मेवारी" ज्येष्ठ नागरिकको लागि स्वास्थ्य वर्धक रसायन औषधी वितरण सेवा कार्यक्रम | २०,००० | |
| ४ | स्तनपायी आमालाई मातृशिशु सुरक्षार्थ दुग्धवर्धक औषधी वितरण कार्यक्रम | २०,००० | |
| ५ | नागरिक आरोग्य कार्यक्रम सगँ सम्वन्धित पुस्तक पम्पलेट ब्रोसर सुचनामुलक सामाग्री छपाइ तथा वितरण | ४०,००० | |
| ६ | विद्यालय आयर्वेद योग शिक्षा तथा जडीवुटि शिक्षा कार्यक्रम | ३०,००० | |
| ७ | महिला स्वयमसेविकालाई स्थानीय स्तरमा पाइने जडिवुटी पहिचान प्रयोग सम्वन्धी जानकारिमुलक कार्यक्रम | ३०,००० | |
| ८ | स्थानीय जडिवुटी संकलन, प्रशोधन, उत्पादन, बजारीकरण तथा गुराँस ग्रिन टिका लागि मेसिन उपकरण खरिद | ४,००,००० | |
| ९ | गुराँस चिया ग्रिन टि उत्पादन कार्यक्रम | १,००,००० | |
| | जम्मा रकम | १०,००,००० | |

निमित्त प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

निर्णय नं. १५

कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान बीरेन्द्रनगर, सुर्खेतको मिति २०८२।०९।१७ गतेको कर्णाली प्रदेशका स्थानीय स्तरमा एकीकृत सेवा प्रवाह स्थापना तथा सञ्चालन (अफिस अटोमेसन सहित) गर्ने कार्यक्रममा समावेश हुने सम्बन्धी सूचना बमोजिम एकल विन्दु सेवा केन्द्र (OSSD) स्थापना तथा कार्यान्वयनका लागि आवश्यक नीति तथा कार्यविधि निर्धारित समयमा नै निर्माण गर्ने तथा आवश्यक लागत सहभागिताको प्रतिवद्धता व्यक्त गरी कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान, सुर्खेतलाई पत्राचार गर्ने।

निर्णय नं. १६ विविध।

(क) दुवै विद्यालयको सहमति लिई काज सरुवाको लागि पेश भएका काज सरुवा निवेदनहरुका सम्वन्धमा विद्यालय, शिक्षक तथा कार्यालयको आवश्यकतालाई आधार लिई काज सरुवा/सरुवा गर्ने।

(ख) Pratistha-Mangaldeep Nepal Solution Joint Venture को मिति २०८२।०९।०७ गतेको १५ सैया अस्पताल भवन निर्माण कार्यको म्याद थप गरिदिनुहुन भनी कृषि विकास बैंकको मिति २०८४।०१।३० गते सम्मको कार्यसम्पादन जमानतको म्याद थप गरी निवेदन पेश गरेको हुँदा उक्त निर्माण कार्य अन्तिम चरणमा रहेको हुँदा उक्त निर्माण कम्पनीको माग बमोजिम २०८२ चैत्र मसान्त सम्म म्याद थप गरी समयमै कार्य सम्पन्न गर्न निर्देशन दिने।

(ग) देवेन्द्र प्रसाद अधिकारी वादी र यस गुर्भाकोट गाउँपालिका समेत प्रतिवादी भएको करार सम्झौता बमोजिमको रकम दिलाई भराई पाउँ (०८१-CP-०२४५) मुद्दा सम्मानित दैलेख जिल्ला अदालतमा विचाराधिन रहेकोमा यस गाउँपालिकाको तर्फबाट अधिवक्ता गणेश वहादुर वली, अधिवक्ता सर्वराज जोशीले मुद्दाको प्रतिनिधित्व एवम् वारिसको रुपमा गंगाराम जैसी रहेको मुद्दाको सम्वन्धमा के एण्ड बि लिगल सर्भिस सेन्टरको अधिवक्ता गणेश वहादुर वलीले मिति २०८२।०८।०७ गतेको पेश्की रकम उपलब्ध गराईदिने सम्वन्धी पत्रका सम्वन्धमा हाललाई रु ७५,०००। (अक्षरुपी रु पचहत्तर हजार मात्र) *सेवा परामर्श खरिद शिर्षकबाट* उपलब्ध गराउने।

(घ) क्याम्पेन फर चेन्जको प.सं. १, च.नं. ११२।०८२।८३ को परियोजना कार्यान्वयनका लागि सिफारिस पत्र उपलब्ध गराईदिने समबन्धी पत्रानुसार Reclaiming Advocasy through Narratives, Debates Grassroots Threatre and Arts (RANGA) नामक परियोजना सञ्चालन गर्न स्वीकृति प्रदान गर्ने।

दीप बहादुर बि.सी.
अध्यक्ष

डिल्लीराज घर्ती
प्रमुख प्रशासकीय अधिकृत

(ङ) स्थानीय स्तरमा रोजगारी सिर्जना हुने, हेभी मेसिन प्रयोग गर्न नपर्ने, स्थानीय स्रोत सामाग्री, जनशक्ति परिचालनबाट निर्माण गर्न सकिने तथा ठेक्का गर्दा प्रक्रियागत समय धेरै लागि समयमा नै योजना नसिकने हुँदा देहाय बमोजिमका योजनाहरु उपभोक्ता समितिबाट निर्माण गर्ने तथा आवश्यकताका आधार अध्यक्षज्यूसँगको समन्वयमा रु. १० लाख माथिका योजनाहरु समेत सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम उपभोक्ता समितिबाट गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने तथा उपभोक्ता समितिबाट वडा नं. ३ अन्तर्गतका साना टुक्रे योजनाहरुका सम्बन्धमा वडा कार्यालयबाट सिफारिस भई आएबमोजिम एउटा उपभोक्ता समितिबाट साना धेरै योजनाहरु सम्पन्न गर्ने गरी प्रमुख प्रशासकीय अधिकृतबाट भएको योजना सम्झौतालाई अनुमोदन गर्ने।

<u>देहाय</u>

| क्र.सं. | योजनाको नाम | बजेट रकम | स्रोत | कैफियत |
|---|---|---|---|---|
| १. | दमाई डाँडा महाकाल थान हुँदै साउने खोला सम्म पदमार्ग र ढुङ्गे सिडि निर्माण गुराँस ७ | १५ लाख | कर्णाली प्रदेश सशर्त अनुदान | |
| २. | तालपोखरी बहुउदेश्यिय कबर्ड हल सुधार आयोजना गुराँस ४ | १५ लाख | कर्णाली प्रदेश - शसर्त अनुदान | |

गाउँ कार्यपालिकाको निर्णय प्रमाणित
२०८२।०४।२५

... बहादुर खि.सी.
अध्यक्ष

... घर्ती
प्रमुख प्रशासकीय अधिकृत